प्रदेश सरकार
लुम्बिनी प्रदेश
आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय
मुकामः बुटवल, नेपाल

०७१-५४९६६२ सूचना केन्द्र
०७१-५५०६२३ फोन
१६६०७१५२०२० टोल फ्री
०७१-५५०६११ फ्याक्स

पत्र संख्या २०७९/०८०
च.नं. १६२

मिति २०७९।०५।११

विषय : पदक सम्वन्धि आवेदन संकलन गरी पठाउने बारे।

श्री जिल्ला प्रशासन कार्यालय,
लुम्विनी प्रदेशका सबै ।

प्रस्तुत विषयमा यस मन्त्रालयको मिति २०७९।५।९ को प्रदेश पदकका लागि आवेदन पेस गर्ने सम्वन्धि सूचना यसै पत्र साथ संलग्न राखी पठाइएको छ । उक्त सूचना ताहाँ कार्यालयको सूचना पाटीमा समेत टाँस गरी ताहाँ कार्यालय मार्फत पर्न आएका आवेदन हरू संकलन गर्न तथा यसरी संकलन गरिएका आवेदनहरू मिति २०७९।०५।२२ गते भित्र यस मन्त्रालयमा पठाई सहयोग गरिदिनुहुन अनुरोध गर्दछु ।

कोमल प्रसाद धमला
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय
मुकाम: बुटवल, नेपाल

०७१-५४२३४३ प्रशासन
०७१-५४९००२ कानून
०७१-५४७७२० शान्ति सुरक्षा
०७१-५४९६६२ सूचना केन्द्र
०७१-५५०६२७
१६६०७१५२०२० टोल फ्री
०७१-५५०६११ फ्याक्स

पत्र संख्या: ०७९/८०
चलानी नं.:

## प्रदेश पदकका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।

प्रकाशित मिति: २०७९/०५/१०

प्रस्तुत विषयमा समाजका विभिन्न क्षेत्रमा गरेको विशिष्ट योगदान पुऱ्याउनुभएका महनुभावहरुलाई प्रदेश पदक ऐन, २०७६ को दफा ८ बमोजिमका पदकहरु प्रदान गर्ने प्रयोजनका लागि प्रदेश/राष्ट्रको गरिमा अभिवृद्धिमा आफूले गरेको विशिष्ट योगदान संलग्न बमोजिमको ढाँचामा उल्लेख गरी मिति २०७९/०५/२१ गतेभित्र यस मन्त्रालयमा वा मन्त्रायको इमेल ठेगाना: internalaffairsp5@gmail.com मा पठाउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### पदकको प्रकार

| सि.नं. | पदक | विवरण |
|---|---|---|
| क | बुद्धशान्ति पदक | शान्ति स्थापना कार्यमा विशेष योगदान पुऱ्याएका व्यक्तिलाई प्रदान गरिने । |
| ख | प्रदेश प्रमुख जनसेवा पदक | संघीयता र गणतन्त्रको सुदृढीकरणका लागि तथा अन्य क्षेत्रमा उत्कृष्ट र उल्लेखनीय कार्य गरी जनस्तरमा लोकप्रिय रहेका जनप्रतिनिधि, समाज सेवी वा प्रदेश सरकारबाट नियुक्त भएका व्यक्तिलाई प्रदान गरिने । |
| ग | मुख्यमन्त्री प्रज्ज्वल दीप पदक | प्रदेशको समृद्धि तथा प्रतिष्ठा अभिवृद्धिका लागि विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिलाई प्रदान गरिने । |
| घ | प्रदेश सेवा समर्पण पदक | ईमान्दारीपूर्वक, उत्कृष्ट एवम् प्रशंसनीय कार्य गर्ने प्रदेश सरकार अन्तर्गतका कर्तव्यनिष्ठ कर्मचारीलाई प्रदान गरिने । |
| ङ | उजिरसिंह दिपक पदक | देशको सुरक्षा तथा विपद्मा उद्दारको क्रममा अभूतपूर्व क्षमता प्रदर्शन गरी वीरता र साहसपूर्ण कार्य गर्ने व्यक्तिलाई प्रदान गरिने । |
| च | समाज सेवा श्री पदक | समाज सेवा, स्वास्थ्य, वातावरण, दीगो विकास, मानव अधिकार र समाज सुधारका क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्तिलाई प्रदान गर्ने । |
| छ | प्रदेश रत्न पदक | कृषि, श्रम, रोजगारी, भाषा, साहित्य, कला, संगीत, शिक्षा, खेलकुद र सूचना तथा सञ्चार विज्ञान तथा प्रविधिको क्षेत्रमा अनुकरणीय कार्य गरेका व्यक्तिलाई प्रदान गरिने । |
| ज | पुथाश्री शिखर पदक | प्रदेश भित्र पर्यटन क्षेत्रको विकासमा उल्लेखनीय योगदान गरेका व्यक्तिलाई प्रदान गरिने । |
| झ | प्रदेश प्रज्ञा पदक | शैक्षिक क्षेत्रमा सर्वोत्कृष्ट योगदान पुऱ्याएका विद्यालय, विश्वविद्यालय तथा तिनका शिक्षक एवम् पदाधिकारीलाई प्रदान गरिने । |
| ञ | प्रजापति गौतमी पदक | महिला सशक्तीकरण र बालबालिकाको हक, हित र संरक्षणको क्षेत्रमा महत्वपूर्ण योगदान गरेका व्यक्तिलाई प्रदान गरिने । |
| ट | दङ्गीशरण बलिहाङ्ग पदक | सामाजिक सद्भाव, सामाजिक सुधार र समानताका पक्षमा काम गरेका अभियन्ता तथा साँस्कृतिक पहिचानको संरक्षण तथा प्रवर्द्धनका क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्तिलाई प्रदान गरिने । |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय
मुकाम: बुटवल, नेपाल

०७१-५४२३४३ प्रशासन
०७१-५४९००२ कानून
०७१-५४७७२० शान्ति सुरक्षा
०७१-५४९६६२ सूचना केन्द्र
०७१-५५०६२७
१६६०७१५२०२० टोल फ्री
०७१-५५०६११ फ्याक्स

पत्र संख्या: ०७९/८०
चलानी नं.:

## प्रदेश पदकका लागि आवेदन पेश गर्ने फाराम

फोटो

**व्यक्तिगत विवरण:**

| | |
|---|---|
| नाम थर: | |
| ना.प्र.नं./जिल्ला | |
| ठेगाना: | |
| हालको उमेर: | |
| शैक्षिक योग्यता: | |
| नागरिकता नं. र जारी जिल्ला: | |
| सम्पर्क नं.: | |
| संस्था (कार्यरत भएमा): | |
| हालसम्म गरेका विशेष योगदान/कार्यहरुको विवरण: | १. |
| | २. |
| | ३. |
| | ४. |
| | ५. |
| | ६. |
| | ७. |
| | ८. |

**संलग्न गर्नुपर्ने कागजपत्रहरु:**

(क) नागरिकता प्रमाणपत्रको प्रतिलिपी
(ख) कर्मचारी परिचयपत्रको प्रतिलिपी (कर्मचारीको हकमा)

नाम:

दस्तखत: